## वस्तुगत प्रश्नोत्तर

१. **जापानको टोकियोमा आयोजित ३२औँ ओलम्पिक खेलकुद प्रतियोगितामा कति खेल समावेश छन् ?**
✍ ३३ ।
- टोकियो ओलम्पिक्स सन् २०२१ जुलाई २३ देखि अगस्ट ८ सम्म सञ्चालन हुने ।
- यसअघि टोकियो ओलम्पिक्स सन् २०२० को जुलाई २४ देखि अगस्ट ९ सम्म हुने मिति तय गरिएको थियो । कोरोना भाइरसको महामारीका कारण प्रत्येक चार वर्षपछि हुने ओलम्पिक्स यसपटक पाँच वर्षपछि हुन लागेको ।
- विश्व खेलकुदको महाकुम्भ ओलम्पिकमा नेपालले सबैभन्दा पहिले सन् १९६४ मा टोकियो ओलम्पिकमै भाग लिएको थियो ।
- टोकियो ओलम्पिकमा नेपालबाट चार खेलका (सुटिङ, जुडो, एथ्लेटिक्स र पौडी) पाँच खेलाडी सहभागी हुने ।

२. **विक्रम संवत् २०७८ असार १५ गते मनाइएको १८औँ राष्ट्रिय धान दिवसको नारा के हो ?**
✍ धान उत्पादनमा वृद्धि : खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि ।

३. **नेपाली काँग्रेसका सभापति एवम् काँग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा पाँचौँपटक प्रधानमन्त्री पदमा कहिले नियुक्त हुनुभएको हो ?**
✍ विसं २०७८ असार २९ ।
- राष्ट्रपति विद्यादेवी भण्डारीले नवनियुक्त प्रधानमन्त्री देउवालाई सोही दिन पद तथा गोपनीयताको शपथग्रहण गराउनुभएको ।
- नेपालको संविधानको धारा ७६ (५) बमोजिम देउवा प्रधानमन्त्री पदमा नियुक्त हुनुभएको ।
- सर्वोच्च अदालतको २०७८ असार २८ गतेको परमादेशअनुसार राष्ट्रपति भण्डारीले देउवालाई सो पदमा नियुक्त गर्नुभएको ।

४. **प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभामा विश्वासको मत कहिले लिनुभएको हो ?**
✍ विसं २०७८ साउन ३ ।
- प्रधानमन्त्री शेरबहादुर देउवाले २०७८ साउन ३ गते प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नुभएको । साउन ३ मा प्रतिनिधिसभामा भएको मतदानमा पक्षमा १६५ मत, विपक्षमा ८३ र तटस्थ मत एक रहेको ।
- प्रतिनिधिसभामा मताधिकार प्राप्त सांसद सङ्ख्या २६६ रहेकोमा २४९ सांसदको उपस्थिति रहेको ।

५. **नेपालमा सर्वप्रथम प्रतिनिधिसभाको बैठक कहिले बसेको थियो ?**
✍ विसं २०१६ असार १ गते ।

६. **सरकारद्वारा गठित विद्यापति पुरस्कार कोषले मैथिली भाषा साहित्य क्षेत्रको विद्यापति पुरस्कार कसलाई प्रदान गऱ्यो ?**
✍ सप्तरीको मैथिली साहित्य परिषद् (पुरस्कार राशि : रु. दुई लाख)
- त्यसैगरी, नेपाल विद्यापति मैथिली अनुवाद पुरस्कारबाट साहित्यकार वृशेषचन्द्र लाल, नेपाल विद्यापति मैथिली अनुसन्धान पुरस्कारबाट पत्रकार एवम् साहित्यकार सुजित झा, नेपाल विद्यापति मैथिली पाण्डुलिपि पुरस्कारबाट अमरेन्द्र यादव र नेपाल विद्यापति मैथिली कला-संस्कृति पुरस्कारबाट अजितकुमार र सुनिताकुमारी साहलाई पुरस्कृत गरिएको ।
- यी चारवटै पुरस्कारको राशि जनही रु. एक लाख रहेको ।

७. **नेपाली सेनाले नयाँ साङ्गठनिक संरचना कहिलेदेखि कार्यान्वयनमा ल्याएको छ ?**
✍ विसं २०७८ साउन १ ।
- सङ्गठनको चेन अफ कमान्डलाई थप चुस्त दुरुस्त र छिटोछरितो बनाउन नयाँ साङ्गठनिक पुनःसंरचना कार्यान्वयनमा ल्याइएको ।
- नयाँ संरचनाअनुसार पूर्वी कमान्ड, मध्य कमान्ड, पश्चिम कमान्ड र उपत्यका कमान्ड गरी चारवटा केन्द्रीय कमान्डको व्यवस्था लागू गरिएको । कोसी, गण्डकी र कर्णाली नदी प्रणालीमा आधारित तीन र काडमाडौँ उपत्यकाका लागि एक गरी जम्मा चारवटा कमान्ड लागू गरिएको ।
- यस संरचनालाई 'तीन जोड एक केन्द्रीय कमान्ड' नामकरण गरिएको ।
- नयाँ संरचना लाग भएसँगै यसअघि सातवटै प्रदेशका सातवटा र काडमाडौँ उपत्यकाको एउटा गरी आठवटा पृतना साउन १ गतेदेखि खारेज भएका ।
- राष्ट्रिय सुरक्षा नीति-२०७५ कार्यान्वयनको एकीकृत कार्ययोजना र नेपाली सेनाको दीर्घकालीन सोच २०८७ लाई आधार मानेर सङ्गठनको पुनःसंरचना गरिएको ।
- नयाँ संरचनाअनुसार पूर्वमा धनकुटा हिले, मध्यमा पोखरा, पश्चिममा सुर्खेत र उपत्यकामा एउटा सैनिक कमान्ड स्थापना गरिएको ।
- उपत्यका कमान्डको मुख्यालय नारायणहिटीपरिसरमा कायम गरिएको ।
- नयाँ कमान्डको स्थापनासँगै कमान्डको नेतृत्वमा बाहिनीहरू र बाहिनीमातहतमा गण तथा गुल्म रहने ।
- सैनिक कमान्डको स्थापनापछि जङ्गी अड्डाका केही अधिकार कमान्ड हेडक्वार्टरमा प्रत्यायोजन हुने ।
- आर्मी मुख्यालयले रणनीतिक र राष्ट्रिय महत्त्वका सुरक्षाका विषयमा ध्यान केन्द्रित गर्ने, सैनिक कमान्ड मुख्यालयले अपरेसनल कार्य गर्ने र बाहिनीअन्तर्गतका गण र गुल्मले 'टयाक्टिकल' काम गर्नेगरी नेपाली सेनाको काम अगाडि बढ्ने ।

८. **सम्राट अशोकले निर्माण गरेको लुम्बिनीको अशोक स्तम्भ कसले पत्ता लगाएका हुन् ?**
✍ डा. फुहरर ।

९ **नेपालका चारधाम भन्नाले कुन कुन धार्मिक क्षेत्रलाई बुझाउँछ ?**
✍ वराहक्षेत्र, मुक्तिक्षेत्र, रुरु क्षेत्र र हरिहर क्षेत्र ।

१०. **नेपालमा भारोपेली परिवारअन्तर्गतका भाषामध्ये सबैभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा कुन हो ?**
✍ नेपाली ।

११. **नेपालले वन संरक्षण गर्दै कार्बन उत्सर्जन न्यूनीकरणसम्बन्धी सम्झौता कहिले गरेको हो ?**
✍ विसं २०७७ फागुन ।
- नेपालले वन संरक्षण गर्दै कार्बन न्यूनीकरण कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।
- नेपाल प्रशान्त एसिया क्षेत्रमा कार्बन सम्झौता गरेर लाभ लिने पाँचौँ मुलुक हो । विश्वमा भने नेपाल १२ औँ मुलुक हो ।
- विश्वका औद्योगिक मुलुकले बढी कार्बन उत्सर्जन गर्दा कम उत्सर्जन गर्ने तथा उत्सर्जन नै नगर्ने मुलुकले पनि उत्तिकै प्रदूषणको हानि बेहोर्नुपरेको छ । त्यो असन्तुलनलाई कम गर्न औद्योगिक मुलुकले नेपाल जस्ता कार्बन कम उत्सर्जन गर्ने र वन तथा वातावरण संरक्षणमा योगदान दिने मुलुकलाई क्षतिपूर्ति वा पुरस्कारबापतको रकम तिर्नुपर्ने अवधारणाको विकास भएको छ । सोहीअनुसार विश्व बैङ्कमार्फत नेपालले पाँच अर्ब रुपियाँभन्दा बढी रकम पाउने भएको ।

१२. **ग्लोबल पोजिसनिङ सिष्टम (जीपीएस)को सुरुवात कुन देशबाट भएको हो ?**
✍ अमेरिका ।
- यो प्रविधि पहिलोपटक सन् १९७३ मा अमेरिकी रक्षा विभागमा प्रयोगमा ल्याइएको । पूर्ण क्षमतासाथ यो प्रविधि सन् १९९५ देखि प्रयोगमा आएको ।
- आकाशबाट लिइएको चित्रबाट सम्बन्धित ठाउँका बारेमा जानकारी लिन सकिने यो प्रविधिको विकासमा बाडफोर्ड पार्किन्सन, रोजर एल एस्टोन र इभान ए गेटिङको योगदान रहेको ।
- यो स्पेस-बेस्ड स्याटेलाइट नेभिगेसन सिष्टम हो ।

१३. **"सुस्वास्थ्य उत्कृष्ट उपहार हो भने सन्तुष्टि उत्कृष्ट सम्पत्ति हो" भन्ने विचारक को हुन् ?**
✍ गौतम बुद्ध ।

१४. **राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा महान्यायाधिवक्तामा कसलाई नियुक्त गरियो ?**
✍ खम्मबहादुर खाती (विसं २०७८ असार ३१) । (नेपाल बार एसोसिएसनका पूर्वमहासचिव खाती स्थापित कानुन व्यवसायी हुनुहुन्छ ।)

१५. **विश्व व्यापार सङ्गठन (डब्लूटीओ) प्रमुखमा नियुक्त हुन सफल पहिलो महिला को हुनुहुन्छ ?**
✍ एन्गोजी ओकोन्जो-इबेला (पूर्वअर्थमन्त्री, नाइजेरिया) ।
- डब्लूटीओको इतिहासमै पहिलो महिला प्रमुख हुन सफल हुनुभएको ओकोन्जो उक्त पदमा पुग्ने पहिलो अफ्रिकी पनि हुनुहुन्छ ।
- ओकोन्जोले २०२१ मार्च १ देखि कार्यभार सम्हाल्नुभएको । उहाँको कार्यकाल सन् २०२५ अगस्ट ३१ सम्म हुनेछ ।

१६. **विसं २०७७ पुस २८ मा आयोजित अवार्ड कार्यक्रममा वर्षका उत्कृष्ट खेलाडी घोषित हुन सफल खेलाडी को-को हुन् ?**
✍ पुरुषतर्फ : मन्डेकाजी श्रेष्ठ र महिलातर्फ : गौरिका सिंह

१७. **बुकर इन्टरनेसनल अवार्ड २०२० कसलाई प्रदान गरियो ?**
✍ म्यारिक लुकास रिज्नेभेल्ड ।

१८. **विश्व आर्थिक मञ्चद्वारा 'ग्लोबल सेन्टर फर साइबर सेक्युरिटी'को स्थापना कहिले गरियो ?**
✍ सन् २०१८ जनवरी २६ ।
- साइबर आक्रमणका घटनालाई निरुत्साहित गरी सुरक्षित साइबर स्पेस उपलब्ध गराउने उद्देश्यले यो संस्थाको स्थापना गरिएको ।
- सन् २०१८ मार्चदेखि कार्यारम्भ गरेको उक्त केन्द्रको प्रमुख कार्यालय स्वीट्जरल्यान्डको जेनेभामा रहेको ।

१९. **बुटवलस्थित मोतीपुर औद्योगिक क्षेत्रको शिलान्यास कहिले भएको हो ?**
✍ विसं २०७७ फागुन २१ ।

२०. **राष्ट्रिय गौरवको सडक आयोजना मध्यपहाडी लोकमार्गको सबैभन्दा लामो भाग कुन जिल्लामा पर्छ ?**
✍ बाग्लुङ (१३७ किमि) ।

२१. **नेपाल सरकारले 'सञ्चार र सूचना प्रविधिको टेवा, हातहातमै सरकारी सेवा' भन्ने नारासाथ 'नागरिक एप'को शुभारम्भ कहिले गरेको हो ?**
✍ विसं २०७७ माघ २ ।

२२. **नेपालमा पहिलोपटक न्युक्लियर मेडिसिन सेवाको सुरुवात कहिलेदेखि भएको हो ?**
✍ विसं २०७७ पुस ६ ।
- खासगरी क्यान्सर, थाइराइड एवम् हड्डीसम्बन्धी समस्या (दुखाइ) पत्ता लगाउन यो प्रविधि प्रयोग गरिने ।
- यस प्रविधिमार्फत कम स्तरको रेडियो एक्टिभ सामग्री मौखिक एवम् इन्जेक्सनमार्फत शरीरभित्र प्रवेश गराई शरीरको अवस्थाबारे जानकारी लिन सकिने ।

२३. **राष्ट्रपति चुरे संरक्षण कार्यक्रम २६ जिल्लामा सञ्चालित छ भने चुरे जलाधार संरक्षण कार्यक्रम कति जिल्लामा सञ्चालित छ ?**
✍ १३ ।

२४. **हरित् जलवायु कोषको मुख्यालय कहाँ रहेको छ ?**
✍ दक्षिण कोरिया ।
(विश्वमा बढ्दो तापमान वृद्धिदरलाई २ डिग्री सेल्सियसभन्दा तल राख्नेगरी विविध कार्यक्रम सञ्चालन गर्ने उद्देश्यसाथ यो कोष स्थापना गरिएको ।)

२५. **नेपाल प्रज्ञाप्रतिष्ठानले सन् २०७७ मा नेपाल प्रज्ञालङ्कार पुरस्कार कसलाई प्रदान गऱ्यो ?**
✍ चिनियाँ प्रोफेसर वाङ हङवेई ।
- प्रतिष्ठानको ३५औँ प्रज्ञासभाले भाषा, साहित्य एवम् कूटनीतिका क्षेत्रबाट नेपालको विकासमा योगदान पुऱ्याएबापत हङवेईलाई सो विशिष्ट पुरस्कारबाट सम्मानित गरेको ।
- यसैगरी, सभाले दुई लाख राशिको नेपाल सामाजिक शास्त्र/संस्कृति/ दर्शनशास्त्र पुरस्कार प्रा.डा. वीरेन्द्रप्रसाद मिश्र र दुई लाख राशिकै नेपाल प्रज्ञा भाषा पुरस्कार प्रा.डा. तेजरत्न कंसाकारलाई प्रदान गरेको ।
- त्यस्तै, एक लाख राशिको नेपाल प्रज्ञा नेपाली साहित्य पुरस्कार हरिहर खनाल र रविमान लम्जेल, हिमाल, पहाड र तराईमा बोलिने मातृभाषा साहित्यतर्फ पूर्ण वैद्य, इन्द्रबहादुर गुरुङ, चतर्भुजलाल दास केवरत र हंसावती कुर्मीलाई प्रदान गरेको ।
- सभाले दुई/दुई लाख राशिको भानु प्रज्ञा अन्तरदेशीय नेपाली साहित्य पुरस्कार आसाम (भारत)का लीलबहादुर क्षेत्री, नेपाल प्रज्ञा अनुवाद पुरस्कार कृष्णप्रकाश श्रेष्ठलाई प्रदान गरेको ।

२६. **आसियानको ३७औँ शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?**
✍ सन् २०२० नोभेम्बर ११-१५, हनोई (भियतनाम) । (यस संस्थाको ३६औँ सम्मेलन पनि हनोईमा सम्पन्न भएको । ३८औँ र ३९औँ सम्मेलन ब्रुनाईको बन्दरसेरी बेगवानमा हुने भएको ।)

२७. **नेपालको अद्यावधिक नक्साको अङ्ग्रेजी संस्करण कहिले स्वीकृत गरियो ?**
✍ विसं २०७७ साउन ३० ।

२८. **नेपालको प्रदेशसभा कति सदनात्मक हुने व्यवस्था छ ?**
✍ एक ।

२९. **जनकपुर-जयनगर रेल्वेमा दुईवटा रेल पुनः सञ्चालनमा कहिलेदेखि आएको हो ?**
✍ विसं २०७७ असोज ३ ।

३०. **'बेइजिङ +५' सम्मेलन केसँग सम्बन्धित छ ?**
✍ महिला विकास ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# असल कर प्रणाली




१. **असल कर प्रणालीका गुण के-के हुन् ? लेख्नुहोस् ।**
✍ कर नीति, कर कानुन, करका दर, कर प्रशासन, कर असुली प्रक्रिया, करको उत्पादनमूलक उपयोगमार्फत कर प्राप्ति स्रोतको दिगोपनालगायतको समष्टिगत स्वरूप कर प्रणाली हो । कर प्रणाली सरल, पारदर्शी, करदातामैत्री एवम् आधुनिक प्रविधिमैत्री हुनुपर्छ । यी असल कर प्रणालीका गुणहरू हुन् । अरू गुणलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**समानता :**
- बढी आय हुनेले बढी कर र कम आय हुनेले कम कर, कर तिर्ने क्षमताअनुसार कर ।

**निश्चितता :**
- तिर्नुपर्ने करको रकम, समय, तरिका आदि निश्चित भएको कर ।

**सुविधा :**
- कर तिर्ने स्थान, समय र तरिका करदाताको हित एवम् सुविधाजनक हुनुपर्छ ।

**मितव्ययिता :**
- कम खर्चबाट अधिकतम कर सङ्कलन हुनुपर्छ । करको सदुपयोग पनि मितव्ययी हुनुपर्छ ।

**उत्पादकत्व :**
- कर लगाउँदा निरन्तर कर प्राप्त हुने क्षेत्रमा लगाउनुपर्छ, सङ्कलित कर पनि उत्पादनशील क्षेत्रमा लगानी गरी पुनः कर प्राप्त गर्नुपर्छ ।

**लचकता :**
- करदाताको आय बढी हुँदा बढी कर र करदाताको आय कम हुँदा कम कर लगाउनुपर्छ । कर प्रणाली लचिलो हुनुपर्छ ।

**क्षमताअनुसार कर :**
- व्यक्तिको कर तिर्न सक्ने क्षमताअनुसार कर लगाउनुपर्छ ।

**सरलता :**
- करको दर, फाराम, कर कानुन, कर प्रक्रिया सबैले बुझ्ने सरल हुनुपर्छ ।

**समन्वय :**
- केन्द्र, प्रदेश र स्थानीय सरकारबीच दोहोरो नहुनेगरी समन्वयमा कर लगाउनुपर्छ ।

२. **नेपालमा के-कस्ता व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था छ ?**
✍ नेपालमा दलित र एकल महिला ६० वर्ष पूरा गरेका र अन्य नागरिक ७० वर्ष पूरा गरेकालाई ज्येष्ठ नागरिक भत्ता, विपन्नलाई विपन्न नागरिक भत्ता, अशक्तलाई अशक्त र असहाय भत्ता, असहाय एकल महिलालाई भत्ता, अपाङ्गलाई भत्ता, अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष पूरा नगरेका बालबालिकालाई बाल पोषण भत्ता, आफ्नो हेरचाह आफैँ गर्न नसक्नेलाई स्याहार भत्ता, लोपोन्मुख जातिलाई लोपोन्मुख जाति भत्ताजस्ता सामाजिक सुरक्षा भत्ताको व्यवस्था छ । नेपालको संविधानले सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा लिई तोकिएका नागरिकलाई सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ । यही व्यवस्थाअनुसार सामाजिक सुरक्षा ऐन-२०७५ जारी गरी कार्यान्वयनमा ल्याइएको छ । सामाजिक सुरक्षालाई व्यवस्थित गर्न तर्जुमा गरिएको सामाजिक सुरक्षा ऐनले नेपालमा हाल मासिक रूपमा वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्ता देहायका व्यक्तिले नपाउने व्यवस्था गरेको छ :
- कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित एवम् मनोनीत भएको व्यक्ति,
- सरकारी कोषबाट निवृत्तभरण पाइरहेका व्यक्ति,
- अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवम् अन्य सुविधा पाइरहको व्यक्ति ।

३. **विकास वित्त भनेको के हो ? यसका उद्देश्य लेख्नुहोस् ।**
✍ विकास व्यवस्थापन गर्न आवश्यक पर्ने साधनलाई विकास वित्त भनिन्छ । विकास योजना सञ्चालनका लागि स्रोत साधनको आवश्यकता पर्छ, जुन विकास वित्तमार्फत सङ्कलन गरिन्छ । विकास वित्तअन्तर्गत राजस्व, विदेशी अनुदान, घाटा बजेट, आन्तरिक ऋण, वैदेशिक ऋणलगायतका स्रोत पर्छन् । मुलुकको आर्थिक, सामाजिक विकासका लागि यिनै स्रोतको परिचालन गरिन्छ । नेपालमा विकास वित्त परिचालनका लागि कानुनी र संस्थागत व्यवस्था गरिएको छ । नेपालको संविधानबमोजिम प्रत्येक वर्षको जेठ १५ गते आय र व्ययको विवरण बजेट संसद्मा पेस गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयअन्तर्गतका कार्यालय राजस्व परिचालनमा क्रियाशील छन् । गैरकर राजस्व परिचालनमा नेपाल सरकारका सबै निकाय संलग्न छन् । नेपाल राष्ट्र बैङ्कले राष्ट्र ऋण व्यवस्थापन गर्दै आएको छ र पनि नेपालको विकास वित्त परिचालन प्रभावकारी भएको पाइँदैन । राजस्व असुली, विकास खर्च, बजेट खर्च, वैदेशिक अनुदान परिचालन लक्ष्यअनुरूप हुन सकेका छैनन् । यसका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच कार्यगत समन्वय कायम गरी बजेट कार्यान्यिनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

**विकास वित्तका उद्देश्य**
- आय वृद्धि गर्नु,
- रोजगारी वृद्धि गर्नु,
- नागरिकको जीवनस्तरमा सुधार ल्याउनु,
- दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्नु,
- आर्थिक स्थायित्व कायम गर्नु,
- आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार खडा गर्नु,
- सामाजिक न्याय कायम गर्नु,
- आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु ।

४. **नेपालको संविधानमा श्रम र रोजगारीसम्बन्धी के-कस्तो नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा ५१ (झ)ले नेपालमा श्रम र रोजगारसम्बन्धी नीतिगत व्यवस्था गरेको छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**श्रम**
- श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने,
- सबै श्रमिकको आधारभूत अधिकार,
- सामाजिक सुरक्षाको प्रत्याभूति,
- बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य,
- श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध,
- व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन ।

**रोजगार**
- सबैले काम गर्न पाउने अवस्था सुनिश्चित,
- स्वदेशमै रोजगारी अभिवृद्धि ।

**वैदेशिक रोजगारी**
- नियमन र व्यवस्थापन : वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यसको नियमन र व्यवस्थापन,
- उत्पादनमूलक क्षेत्रमा लगानी : वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन ।

५. **विश्व व्यापार सङ्गठनका उद्देश्य के-के हुन् ? लेख्नुहोस् ।**
✍ विश्व व्यापार सङ्गठन अन्तर्राष्ट्रिय व्यापारलाई सरल, सहज, पारदर्शी, अनुमानयोग्य एवम् नियमसङ्गत बनाउने मञ्च हो । यो बहुपक्षीय व्यापारलाई व्यवस्थित गर्ने एकमात्र अन्तरसरकारी सङ्गठन हो । यो सन् १९४७ मा स्थापित ग्याटको अर्को रूप हो । यसको स्थापना सन् १९९५ जनवरी १ मा भएको हो । यसको प्रधान कार्यालय जेनेभामा छ । हाल १६४ राष्ट्र सदस्य भएको यस सङ्गठनमा नेपाल सन् २००४ अप्रिल २३ (विसं २०६१ वैशाख ११) मा १४७औँ राष्ट्रका रूपमा सदस्य बनेको हो । वस्तु व्यापार, सेवा व्यापार र व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकार क्षेत्र रहेको यस सङ्गठनका उद्देश्य निम्न छन् :
- विकासोन्मुख र कम विकसित मुलुकको उत्पादनलाई सरल, सहज र सुलभ रूपमा विश्व व्यापारमा आबद्ध गराउने,
- भन्सार महसुललगायत व्यापारका अवरोध क्रमशः घटाउँदै जाने,
- व्यापार उदारीकरणलाई अझ व्यापक बनाउँदै जाने,
- बहुपक्षीय व्यापार प्रणालीका आधारभूत सिद्धान्तको विकास गर्ने,
- बहुपक्षीय व्यापार प्रणालीको स्थापना गर्ने,
- विकसित, विकासोन्मुख तथा अतिकम विकसित देशका जनताको जीवनस्तर माथि उठाउने,
- वातावरण संरक्षणमा जोड दिने,
- दिगो विकास गर्ने ।

६. **भुक्तानी सन्तुलन भनेको के हो ? यसको महत्त्वबारे चर्चा गर्नुहोस् ।**
✍ एक निश्चित अवधिमा हुने विदेशी मुद्राको प्राप्ति र भुक्तानीको अवस्थालाई भुक्तानी सन्तुलन भनिन्छ । यो विदेशी मुद्राको आम्दानी र खर्चको अन्तर हो । विदेशी मुद्राको आम्दानी खर्चभन्दा बढी भएमा भुक्तानी सन्तुलन देशको पक्षमा भएको मानिन्छ । भुक्तानी सन्तुलन अनुकूल हुनु देशको आर्थिक स्थिति मजबुत हुनु हो । भुक्तानी सन्तुलनले शोधनान्तर स्थितिको पनि जानकारी दिन्छ । भुक्तानी सन्तुलनलाई चालु खाता र पुँजीगत खाताको योगका रूपमा पनि लिन सकिन्छ । चालु खाताअन्तर्गत वैदेशिक व्यापार, पर्यटन भ्रमण र विप्रेषणको रकम पर्छन् । पुँजीगत खाताअन्तर्गत विदेशी अनुदान, ऋण र लगानीको रकम पर्छन् । विकासोन्मुख देशको चालु खाता घाटा हुन्छ र पुँजीगत खाता बचत हुन्छ । चालु खाता घाटा गराउने प्रमुख कारण वैदेशिक व्यापार हो । अनुकूल भुक्तानी सन्तुलन र प्रतिकूल भुक्तानी सन्तुलन गरी भुक्तानी सन्तुलन दुईप्रकारको हुन्छ ।

**भुक्तानी सन्तुलनको महत्त्व**
- भुक्तानी सन्तुलनले आयात निर्यातसम्बन्धी तथ्याङ्क र सूचना उपलब्ध गराउँछ । यसबाट निम्नक्षेत्रबाट मद्दत पुग्छ :
- भुक्तानी सन्तुलनले देशको अर्थतन्त्रको स्थितिबारे महत्त्वपूर्ण तत्त्व खुलाउँछ ।
- आयात र निर्यातको तुलनात्मक अध्ययन गर्न सहयोग गर्छ ।
- उद्योग, व्यापार एवम् वाणिज्य नीति तर्जुमा गर्नमा आधार प्रदान गर्छ ।
- राष्ट्रिय आयलाई प्रभावित गर्ने नीतिहरू तर्जुमा गर्न मद्दत गर्छ ।
- समग्र आर्थिक नीति, राजस्व नीति, मौद्रिक नीति, वित्तीय नीति तर्जुमा गर्न सहयोग गर्छ ।
- आर्थिक क्षेत्रका हरेक कार्यमा सुधार गर्नमा सहायक हुन्छ ।
- खुद वैदेशिक सम्पत्तिको अवस्थाबारे जानकारी लिन सहयोग पुग्छ ।

७. **सरकारी पत्रका प्रमुख विशेषता उल्लेख गर्नुहोस् ।**
✍ कुनै काम विशेषले सरकारी कार्यालयले तयार गरेको पत्र सरकारी पत्र हो । यसका प्रमुख विशेषता निम्न छन् :
- सरकारी पत्रमा सार्वजनिक सूचना आदान-प्रदान हुन्छन् । यो पत्र सरकारी निकायबाट लेखिएकाले यसमा सम्बन्धित कार्यालय वा व्यक्तिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर उल्लेख हुन्छ ।
- सरकारी पत्रमा औपचारिक मर्यादाको सम्बन्ध हुन्छ र पत्रमा पनि त्यहीअनुसारको मर्यादा प्रस्तुत हुन्छ ।
- सरकारी पत्रमा चलानी नम्बर, पत्र सङ्ख्या, बोधार्थ, कार्यार्थजस्ता पक्ष अनिवार्य हुन्छन् ।
- सरकारी पत्रमा भाषागत शुद्धता, एकरूपता, विनम्रता वा आदेश, पदीय मर्यादा आवश्यक हुन्छ । यो पत्रमा औपचारिकता बढी हुन्छ ।
- सरकारी पत्र जुनसुकै प्रकारको कागजमा लेख्न सकिँदैन । यो कार्यालयको तोकिएको लेटरप्याडमा लेखिन्छ । यस्तो पत्रमा हस्ताक्षर र छाप अनिवार्य हुन्छ ।

८. **कार्यालय सञ्चालन र व्यवस्थापनका तत्त्वहरू के-के हुन् ? प्रस्तुत गर्नुहोस् ।**
✍ कार्यालयको लक्ष्य एवम् उद्देश्य प्राप्तिका लागि गरिने सबै कार्य कार्यालय सञ्चालन र व्यवस्थापन हुन् । यसमा कार्यालयको योजना तर्जुमा गर्नेदेखि योजना कार्यान्वयन गर्ने, कर्मचारी तथा बजेट व्यवस्था गर्ने, समन्वय गर्ने, निर्देशन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्नेलगायतका कार्य पर्छन् । यी र यस्तै कार्य मिलेर कार्यालय सञ्चालन र व्यवस्थापन व्यवस्थित हुने भएकाले यिनलाई कार्यालय सञ्चालन र व्यवस्थापनका प्रमुख तत्त्वका रूपमा लिन सकिन्छ । कार्यालय सञ्चालन र व्यवस्थापनका अरू तत्त्व निम्न छन् :

**उद्देश्य एवम् लक्ष्य :**
- कार्यालय सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाएर साङ्गठनिक लक्ष्य एवम् उद्देश्य हासिल गरिन्छ ।

**मितव्ययिता :**
- कम लागत तथा तोकिएको समयमा गुणस्तरीय कार्यसम्पादन गर्नेगरी व्यवस्थापनले कार्य गर्छ ।

**कार्यदक्षता :**
- उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरेर लक्ष्य हासिल गर्नुपर्छ ।

**प्रभावकारिता :**
- लक्ष्यअनुसारको प्रगति हासिल गरेर आफ्नो प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ ।

**सूचना प्रविधि :**
- आधुनिक सूचना प्रविधिको प्रयोग गरेर व्यवस्थापनका कार्य गर्नुपर्छ ।

**पारदर्शिता :**
- व्यवस्थापन आफूले गरेका कार्य तथा निर्णय सरोकारवालालाई जानकारी गराउनुपर्छ ।

**जवाफदेहिता :**
- व्यवस्थापनले आफूले गरेका प्रत्येक कार्यको सम्बन्धमा उठेका सवालको उत्तर दिनुपर्छ ।

**सदाचार एवम् नैतिकता :**
- व्यवस्थापनले गरेका कार्यमात्र नभई, व्यवस्थापकको बानी-व्यहोरा एवम् चरित्र स्वच्छ हुनुपर्छ । सेवाग्राहीमैत्री व्यवहार हुनुपर्छ ।

९. **नेपालको सङ्घीय प्रणालीको सैद्धान्तिक आधार के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ एउटै देशमा बहुसरकारद्वारा राज्यशक्तिको प्रयोग गर्ने राजनीतिक प्रणाली सङ्घीयता हो । नेपालमा विगतमा केन्द्रमा अधिकार भएको एकात्मक राज्य व्यवस्था थियो । यही केन्द्रको अधिकार विकेन्द्रित गरी तीन तहको सङ्घीयता निर्माण भएको हो । यो विगतमै स्वतन्त्र र स्वायत्त भएका राज्यहरू एकीकृत भएर नेपालमा सङ्घीयता निर्माण भएको होइन । त्यसकारण नेपालको सङ्घीयता केन्द्रले संविधानबमोजिम अधिकार विकेन्द्रीकरण गरेर निर्माण भएको सङ्घीयता हो । त्यही भएर नेपालको सङ्घीय प्रणालीका तीन सरकार आपसमा अन्तरनिर्भर भएका हुन् । नेपालको सङ्घीयताको सैद्धान्तिक आधार यसैमा केन्द्रित छ, जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

**अन्तरनिर्भरता :**
- तीन तहका सरकार हरेक हिसाबले आपसमा अन्तरनिर्भर छन् । साझा अधिकारको विषयमा अन्तरनिर्भरता बढी हुन्छ । कतिपय एकल अधिकारमा पनि अन्तरनिर्भरता हुन्छ । जस्तै : सीमा सुरक्षा सङ्घको एकल अधिकार भए पनि स्थानीय तह र प्रदेश सरकार पनि सीमा सुरक्षामा सजग र सतर्क छन् । स्थानीय तह त सीमा सुरक्षाको पहरेदार नै बनेको छ ।

**पारस्परिक सहयोग :**
- सङ्घले अनुदान सहयोग गर्छ । प्रदेश र स्थानीय तहले सङ्घले निर्धारण गरेका राष्ट्रिय लक्ष्य हासिलमा सहयोग गरेको हुन्छ । जस्तै : दिगो विकास लक्ष्य, मूल्य स्थिरता, आर्थिक वृद्धि आदि ।

**सहकारिता :**
- तीन तहबीच आपसी सहमतिमा कार्य हुन्छ । बजेट निर्माण, आयोजना छनोट आदिमा सहकार्य हुँदै आएको छ । सङ्घको बजेटका आधारमा प्रदेशले सङ्घ र प्रदेशको बजेटका आधारमा स्थानीय तहले बजेट तर्जुमा गरेको अवस्था छ । बजेट निर्माणमा सङ्घले आफ्नो अनुभव र विज्ञता सहयोग गर्दै आएको छ ।

**सहअस्तित्व :**
- तीन तहका सरकार एक-अर्काको मातहतमा नरहने, सबै आफ्नो कार्यमा स्वतन्त्र र स्वायत्त हुने संवैधानिक व्यवस्था छ ।

**समन्वय :**
- तीन तहबीच कुनै विवाद देखिएमा आपसी समझदारी र संवादमा समस्या सुल्झाउने व्यवस्था छ ।

**साझेदारी :**
- तीन तहका सरकारबीच प्रशासन, जिम्मेवारी र स्रोत साधनमा साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने व्यवस्था नेपालको संविधानको धारा ५१ (ख) (६) ले गरेको छ ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL